# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०२/२४

## आठौं अधिवेशन

## (तेश्रो वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको तेश्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,
समसामयिक विषयमा बोल्नको लागि विशेष समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम विशेष समय निर्धारण गरेको छु ।
विशेष समयमा बोल्न माननीय भरत बहादुर खड्कालाई समय दिन्छु ।

माननीय भरत बहादुर खड्का :-
सभामुख महोदय, समयको लागि हार्दिक धन्यवाद दिन चाहान्छु । आज देश अत्यन्तै कठिन अवस्थामा पुगेको हामीलाई अनुभूति भा को छ । केही दिन मात्र अगाडी सम्माननीय प्रधानमन्त्री के.पि. शर्मा ओलीज्यूले मन्त्रीमण्डल विस्तार गर्नु भयो त्यो मन्त्रीमण्डल विस्तार गर्दा खेरी उपप्रधानमन्त्री राजेन्द्र महत एउटा नेपाल सरकारको महत्वपूर्ण पदमा आसिन हुनु भो र उहाले यो देशलाई बहु राष्ट्रवादको रुपमा अगाडी बढाउनु पर्छ भन्ने कुराहरुलाई गैरजिम्मेवारी अभिव्यक्ति दिनु भा को छ । यो त राष्ट्रलाई विखण्डन गर्ने, राष्ट्रलाई टुक्राउने, सामाजिक सदभावना खलल पार्ने र राष्ट्रघाती एउटा अभिव्यक्ति हो यो सभामुख महोदय, त्यसैले यस्ता राष्ट्रघाती व्यक्तिहरुलाई अविलम्ब कारवाही हुनु पर्छ र नेपाली कांग्रेस संसदीय दलको गम्भिर ध्यानाकर्षण भएको छ त्यसमा हामी खेत प्रकट गर्न चाहान्छौ । र भोली पर्सि नै सांसदज्यूहरुसँग विभिन्न राजनितिक दलसँग सल्लाह गरेर यो सदनले पनि खेत प्रकट गर्नु पर्छ भन्ने सभामुखज्यू मार्फत म अनुरोध गर्न चाहान्छु र अर्को कुरा के छ भन्दा खेरी यो संविधानको २०२ मा व्यवस्था भएको कुरा प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा प्रदेश मन्त्रीपरिषद्को सिफारीसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्न सक्ने छ भन्या छ त्यो कस्तो अवस्थामा भन्दा जब संसद बस्न नसक्ने अवस्थामा प्रदेशको हितका लागि कानूनको आवश्यकता पर्यो भने त्यो गर्न सक्ने संवैधानिक व्यवस्था छ अब यो कुरालाई प्रदेश सरकारले जेष्ठ पहिलो हप्ता अधिवेशन बोलाएर यसलाई सुचारु गर्दा कुनै किसिमको त्यस्तो समस्या थिएन अहिले आएर के गरियो भन्दा खेरी अध्यादेश आर्थिक अध्यादेश जारी गरियो र मेरो सभामुखज्यू सँग विनम्र अनुरोध छ संवैधानिक रुपमा अध्यादेश जारी गरी सकेपछि बसेको बैठकमा अध्यादेश प्रस्तुत हुनु पर्छ त्यो प्रक्रियागत रुपमा यो कमी भा को छ र हामिले बारम्बार भन्यौ विधी पक्रिया यसमा हाम्रो कमिटमेन्ट छ

यि नियमावली बनाएका छौ । संविधान छ, ऐन छ यो प्रक्रिया मिच्ने काम हाम्रो हुदैन अध्यादेश जारी भै सकेपछि बसेको पहिलो बैठकमा अध्यादेश प्रस्तुत सम्बन्धित मन्त्रीले प्रस्तुत गरी स्वैधानिक रुपमा सम्बन्धीत मन्त्रीले अध्यादेश प्रस्तुत गर्नुपर्ने कानूनी व्यवस्था छ त्यो आएको छैन । सार्वभौम सत्ता सम्पन्न सदनलाई जानकारी छैन त्यसैले यो प्रक्रियागत रुपमा त्रुटी भएको छ खाली हाम्रो माग के हो भने यसलाई प्रक्रियागत रुपमा ऐन र संविधानको मुल मर्म भावना भन्दा बाहीर हामीले जानु हुदैन भन्ने हाम्रो मान्यता छ । अर्को कुरा यो कार्यविधीको कुरा गर्दा खेरी प्रदेश सभाको नियमावलीमा एउटा व्यवस्था छ अध्यादेशले संविधानको धारा २०२ मा जारी भएको अध्यादेश जारी भएपछि त्यो मैले भनिसके यो जहा सम्म परिच्छेद सत्रमा विनियोजन विधेयक सम्बन्धीको कार्यविधी अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि परिच्छेदमा लेखिए बमोजिमको कार्यविधी अपनाइने छ भन्दा खेरी यो कार्यविधि त्यो अनुरुपको छैन । र हामीले बारम्बार भन्यौ ऐनलाई बाइपास गर्नु हुदैन अनि विधिको कुरा र संविधानवाद स्थापित हुदैन अनि लोकतन्त्रवादी हामी हुद सक्दैनौ त्यसैले ऐनको मुल मर्म र भावना अनुसार हामीले जानु पर्छ यो कुराहरु भएन यसका लागि सरकारलाई हामी सचेत गर्न पनि चाहान्छौ सभामुख महोदय, र अर्को कुरा के छ भन्दा खेरी यो अहिले कोभिडले गर्दा देश आक्रान्त छ सुदूरपश्चिम झन आक्रान्त छ र यो पूर्ण जोखिममा छ गतको अनुभवले पनि हामीलाई बताएको छ र त्यो अनुभवले यहा हामीले व्यवस्थापन गर्नुपर्ने, होल्डिङ सेन्टर निर्माण गर्नु पर्ने, आइसोलेसन वार्डहरु खडा गर्नु पर्ने कुराहरु पनि तदारुकताका साथ अहिले सम्म भएन गड्डाचौकी नाका होस, गौरीफण्टा नाका होस अन्य नाकाहरुबाट पनि भारतबाट आएका मान्छेहरुलाई एउटै बसमा राखेर गाउँमा पठाउने काम भयो म एउटा उदाहरण दिन्छु सबै गाउँमा छ डोटीको आदर्श गाउँपालिका वडा नं.१ चासी भन्ने ठाउँमा ६० जनाको परिक्षण गर्दा ५२ जना संक्रमित परेका छन् कैलालीको टीकापुरको कुन ठाउँमा ५० जनालाई जाँच गर्दा ५० जना नै संक्रमित निस्किएका छन् । अब यो कम्युनिटी लेवलमा भयाभह स्थितिमा गैसकेको अवस्था छ त्यो हाम्रो ढंग पुगेन त्यसैले गर्दा खेरी सिटामोल सम्म अहिले हामीले दिन सकेको अवस्था छैन । ती नागरिकहरु राम भरोसामा बाच्नु पर्ने बाध्यता छ र अहिले उनिहरुले सरकार खोजिराखेका छन् जनप्रतिनिधी खोजि राखेका छन् र अहिले त्यो अवस्थामा निरही बनेका छन् त्यसैले प्रदेश सरकारको क्षमता भन्दा बाहीरको कुरा हो यो तर प्रदेश सरकारले संघीय सरकार र स्थानीय सरकारसँग कोअडिनेशन गरेर आफु सँग भएको स्रोत, साधन र जनशक्तिलाई सही ढंगले व्यवस्थापन गरेर यसलाई सहजीकरण गर्नु पर्ने कुरामा प्रभावकारी कदम चालोस भन्ने पनि म माग राख्न चाहान्छु किन भने अहिले सरकार देखिनु पर्छ कामले देखिनु पर्ने त्यो कुराको आवश्यकता जनताले महसुस गरेका छन् एकातिर भोकमरीका कुराहरु अगाडी बढेका छन् अर्को तिर गरीबीले च्यापिएका छन् अहिले पनि कोभिडको बेलामा तपाई गौरीफन्टा अर्को ठाउँ जानु होस भारत जाने क्रम पनि चलिराखेकै छ त्यसैले गर्दा यि सबै परिस्थितिलाई हेरेर सरकारको प्रभावकारीता खेजेका छन्, सरकारको जवाफदेहिता खोजेका छन् त्यसो भएको हुनाले अझ पनि म प्रदेश सरकारलाई के सचेत गर्न चाहान्छु भने सभामुखज्यू मार्फत हामी हामीसँग भएको स्रोत साधनलाई सही ढंगले व्यवस्थापन गरौ प्रदेशका नागरिकहरुलाई प्रदेश सरकार भएको अनुभूति दिलाउने खालको कार्य होस भन्ने म सभामुख मार्फत आग्रह गर्न चाहान्छु धन्यवाद जय नेपाल ।

माननीय सदस्यहरु,

आर्थिक मामिला मन्त्रालयबाट आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्नुपूर्व **"प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४"** बमोजिम प्रदेश सभामा आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता सहितको पूर्व बजेट प्रस्तुत गर्न विशेष समय उपलब्ध गराई दिनुहुन भनी माग भई आएको जानकारी गराउदछु ।

माननीय सदस्यहरु,

अब म, आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४"** बमोजिम आगामी आ.व. २०७८/०७९ को बजेट तयारीका लागि बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता सहितको पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेजलाई सभा समक्ष प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय सभामुख महोदय,**

१. संघीय गणतन्त्र नेपाल, सुदूरपश्चिम प्रदेशको यस गरिमामय सभामा प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७८/७९ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त एवम् प्राथमिकता पेश गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु। विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमणको प्रभावलाई न्यूनीकरण गर्दै जनताको स्वास्थ्यलाई प्रभावकारी रुपमा संरक्षण गर्ने र प्रदेश अर्थतन्त्रलाई चलायमान बनाइराख्न स्वास्थ्य र विकासलाई सँगसँगै संवोधन गर्नुपर्ने चुनौतीपूर्ण एवम् कठिन परिस्थितीका विचमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै रहँदा मैले गहन जिम्मेवारी बोध गरिरहेको छु। उपरोक्त कठिन तथा संवेदनशिल अवस्थालाई क्रमशः सामान्यीकरण गर्दै विकास, सुशासन र समृद्धिको यात्रा पूर्ववत रुपमा सूचारु गर्ने मूल ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सिद्धान्त एवम् प्राथमिकता यस सम्मानीत सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

२. कोरोना रोगको महामारीबाट ठूलो आर्थिक तथा मानवीय क्षति सँगै मनोवैज्ञानिक त्रास वढिरहेको छ। कोभिड-१९ नाम दिइएको यो महामारीले सृजना गरेको स्वास्थ्य संकट न्यूनीकरण गर्न चालिएका कदमहरुले प्रदेश अर्थतन्त्रका आर्थिक क्रियाकलापहरु प्रभावित हुन पुगेको अवस्था छ। मानव जीवन माथिकै यो विश्यव्यापी संकटले विकासका सिद्धान्त, मान्यता र प्राथमिकताहरु पुनः परिभाषित गर्दै जानुपर्ने अवस्था सृजना भइरहेको छ।

३. नागरिक अधिकारको लागि भएका जनआन्दोलनहरुमा ज्यान अर्पण गर्ने महान् सहिदहरुप्रति म भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छु, साथै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको समेत कामना गर्न चाहन्छु।

४. विश्वव्यापी रुपमा फैलिएको कोभिड महामारीको कारण ज्यान गुमाउनु हुने व्यक्तिहरुप्रति समवेदना प्रकट गर्न चाहन्छु। कोरोना भाइरसबाट संक्रमित व्यक्तिहरुको उपचार रोकथाम र नियन्त्रणमा अग्रपंक्तिमा रही कर्तव्यपालनको शिलसिलामा ज्यान गुमाउनु हुने व्यक्तिहरुलाई उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु। साथै संक्रमणको विद्यमान अत्यन्त कठिन अवस्थामा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी राष्ट्रसेवक नागरिक समाज, सञ्चारकर्मी, दातृ निकाय र जनसमुदाय प्रति हार्दिक आभार र उच्च प्रशंसा गर्न चाहन्छु। नेपाल सरकार, प्रदेश सरकारका माननीय सदस्यहरु, स्थानीय सरकारका जनप्रतिनिधिहरु तथा राजनैतिक दलमा आवद्ध सम्पूर्ण व्यक्तित्वहरु प्रति यहाँहरुले पुर्याउनु भएको योगदान प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

५. कोरोना संक्रमण जोखिम न्यूनीकरण गर्न अवलम्बन गरिएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय कदमहरुबाट प्रदेशले पनि गम्भिर आर्थिक समस्याहरुको सामना गर्नु परिरहेको छ। फलस्वरुप श्रम, पर्यटन, व्यापार, लगानी, प्रदेश पूर्वाधार निर्माण जस्ता क्षेत्रहरुमा भएको अन्तर आवद्धताको कारण श्रमबजार, उत्पादन, निर्माण, पर्यटन आगमन तथा आपूर्ति श्रृंखलामा गहिरो प्रभाव परेको छ। प्रदेश अर्थतन्त्रका समष्टिगत परिसूचकहरुमा नकारात्मक प्रभावहरु परिरहेका छन्। आगामी आर्थिक वर्षको बजेटले प्रदेश अर्थतन्त्रका समष्टिगत परिसूचकहरुमा सकारात्मक वृद्धि हासिल गरी विकास, सुशासन र समृद्धिको यात्रामा कोभिड-१९ ले पारेको प्रभावलाई न्यूनीकरण गर्ने तर्फ केन्द्रित प्राथमिकताहरुको पुनरव्याख्या र पुनरपरिभाषिकरण गर्न जरुरी भएको छ।

६. विनियोजित विधेयक, २०७८ को सिद्धान्त र प्राथमिकता तय गर्दा मैले नेपालको संविधानले परिलक्षित एवं किटान गरेका राज्यका दायित्वहरु (State Obligations), निर्देशक सिद्धान्त तथा नीतिहरु, लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मूख आर्थिक प्रणालीको संस्थागत विकास, संविधान प्रदत्त मौलिक हकहरुको कार्यान्वयनमा प्रदेश सरकारको दायित्वलाई बजेट तर्जुमाको मूल आधारको रुपमा लिएको छु।

७. जन अनुमोदित सरकारको चुनावी घोषणापत्र, पन्ध्रौ योजनाले परिलक्षित गरेका प्रदेश विकासका आवधिक एवम् दीर्घकालीन प्राथमिकता, दीगो विकासका लक्ष्यहरु, प्रदेश सरकारबाट जारी भएका कानूनहरुबाट सृजित दायित्वहरु, कोरोना महामारीका कारण सृजना भएको नयाँ चुनौतिहरुको सामना गर्ने तर्फ विशेष ध्यान दिएको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेटको मूलभूत उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

आगामी आ.व. २०७८/७९ को बजेट मूलभूत रुपमा देहायका उद्देश्यहरु पूरा गर्ने तर्फ समग्र रुपमा केन्द्रित रहने छ।

८. स्वास्थ्य संक्रमणका कारण सृजना भएका चुनौतिहरुलाई सामना गर्न सक्ने गरी प्रदेश र स्थानीय तहका सबै किसिमका स्वास्थ्य सेवाहरुको गुणात्मक एवं सन्तुलित विकास विस्तार गर्नु,

९. वहुपक्षिय सम्बन्ध र साझेदारी सहित प्रतिकारात्मक, प्रवर्द्धनात्मक पुर्नस्थापना लगायतका आधारभूत विशिस्टिकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चितता गर्दै जनताको जीवनस्तरमा गुणात्मक (Quality of Life) वृद्धि गर्दै जानु,

१०. कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, कृषिमा आधारित उद्योगको संरक्षण एवम् प्रवर्द्धन, कृषि क्षेत्रको विविधिकरण, व्यवसायिकीकरण, आधुनिकीकरण तथा खाद्य-सुरक्षा एवम् सम्प्रभुताको संरक्षण गर्नु,

११. शिक्षा, स्वास्थ्य, खानेपानी, उर्जा, सडक लगायतका पूर्वाधारको द्रुत, दिगो एवम् सन्तुलित विकासको आधारशीललाई थप प्रभावकारी बनाउँदै जानु,

१२. विकासको प्रतिफलबाट वञ्चीत जनतामा समानुपातिक एवम् समावेशी पहुँच सुनिश्चितताको आधार तय गर्नु,

१३. सामाजिक सशक्तिकरण, मूलप्रवाहीकरण, समावेशीकरण मार्फत सामाजिक न्यायको प्रवर्द्धन एवं संरक्षण गर्दै प्रदेश सरकारका सेवाहरुमा प्रदेशवासीहरुको सहज पहुँच स्थापित गर्नु,

१४. सुशासन र समष्टिगत आर्थिक स्थायित्व हासिल गर्नु।

**माननीय सभामुख महोदय,**

अब म उल्लेखित उद्देश्यहरु पुरा गर्न विनियोजन विधेयक, २०७८ मा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१५. नेपालको संविधानले प्रत्याभूत गरेका राज्यको दायित्वहरु (State Obligations) पूरा गर्ने तर्फ यो बजेट केन्द्रित हुनेछ। लोक कल्याणकारी राज्य निर्माणका तीन खम्बे अर्थनीतिको भूमिकाको सवलिकरण गर्ने, समष्टिगत आर्थिक स्थायीत्व एवं समावेशी सामाजिक न्याय सहितको तिब्र आर्थिक बृद्धि हासिल गर्दै विकासको प्रतिफलमा समानुपातिक तथा समन्यायिक पहुँच स्थापित गर्ने, सबै प्रकारका असमानताको अन्त गर्दै समावेशी आत्मनिर्भर, उन्नतीशिल, स्वतन्त्र, समृद्ध समाजवाद उन्मूख प्रदेश अर्थतन्त्र निर्माणतर्फ आगामी बजेट निर्देशित हुने छ।

१६. विकास, समृद्धि र सुशासनको यात्रामा हालसम्म प्राप्त भएका उपलब्धिहरुलाई संस्थागत गर्दै कोरोना महामारीबाट नागरिकको जीवन रक्षा गर्न प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक लगायतका आधारभूत स्वास्थ्य सेवालाई विशिष्टिकृत गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापित गर्ने, आयुर्वेद, प्राकृतिक चिकित्सा पद्धतीको योजनावद्ध विकास मार्फत

स्वास्थ्य सेवामा प्रदेश सरकारको भूमिकालाई बढाउने र सामुदायिक स्वास्थ्य प्रणालीको एकीकृत उपाय अवलम्बनबाट समग्र जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन हासिल गर्ने तर्फ बजेट परिलक्षित हुनेछ।

१७. कोरोना रोगको संक्रमण नियन्त्रण गर्न चालिएको कदमहरुको समग्र प्रभावकारिता अभिबृद्धि गर्ने, यसको कारणबाट प्रदेशका आर्थिक गतिविधिहरुमा शिथिलता आउन नदिने, प्रदेश तथा स्थानीय सरकारको सहकार्य र समन्वयबाट संक्रामक रोगको जनस्तरसम्म परेको असर तथा जोखिमलाई न्यूनीकरण गर्ने तर्फ आगामी बजेट पूर्णत केन्द्रित रहने छ। कोरोनाको कारण प्रदेश अर्थतन्त्रमा परेको शिथिलतालाई पुनरुत्थान गर्न विकास समृद्धि र सुशासन हासिल गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेको छु।

१८. प्रदेश नागरिकले सुरक्षा र मर्यादित जीवनयापन गर्न पाउने गरी काम, रोजगारी, खाद्य सुरक्षा एवम् सर्वकालीन सामाजिक सुरक्षा, सेवा र सुविधाको संरक्षणको प्रत्याभूत मार्फत प्रदेश सरकारको अभिभावकीय भूमिकालाई बढाउँदै समाजमा विद्यमान सबै प्रकारका विभेद असमानता अन्त्य गर्ने, राज्य संयन्त्रमा सबै नागरिकको पहुँचलाई स्थापित गर्दै प्रदेश सरकार प्रति नागरिकको विश्वासमा (Trust and Confidence) बृद्धि गर्ने, सामाजिक समावेशीकरण, सशक्तिकरण र मूलप्रवाहीकरण मार्फत न्याय र नैतिकतामा आधारित समन्यायिक समाजको स्थापना र विकास गर्ने जस्ता विषयहरुमा आगामी आर्थिक वर्षको बजेटका प्रमुख सैद्धान्तिक आधारको रुपमा रहने छन।

१९. कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै आत्मनिर्भरता तर्फ केन्द्रित हुने, कृषिको व्यवसायीकीकरण, विविधिकरण, आधुनिकीकरण मार्फत बजारको Value Chain स्थापना गर्ने, कृषिमा विशेष प्रोत्साहन कार्यक्रम मार्फत लाभको न्यायोचित वितरणबाट विपन्नता, गरिवी र असमानताको शीघ्र अन्त गरी सुविधाविहिन र कमजोर वर्ग, क्षेत्र, समुदाय, सीमान्तवर्ग, राज्यको सुविधाबाट पछाडि परेका र पछाडि पारिएका वर्गको उत्थान र विकास गर्न विशेष संरक्षणका कार्यक्रमहरुलाई आगामी बजेटले प्रमुख रुपमा जोड दिने छ।

२०. शिक्षा, स्वास्थ्य, कृषि, सडक, सिँचाई, खानेपानी, विद्युत लगायतका पूर्वाधारका क्षेत्रको दिगो विकास सुनिश्चित गर्ने, सञ्चालन भई रहेका रुपान्तरणकारी आयोजना र कार्यक्रमको कार्यान्वयन तर्फ साधनको कमी हुन नदिने तर्फ बजेटलाई केन्द्रित गरेको छु। प्रदेश तथा स्थानीय सरकारको विनियोजन कुशलता (Allocation efficiency) र खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै दीगो र उच्च प्रतिफल दिने आयोजनाहरुलाई सर्वाधिक प्राथमिकता दिँदै प्रदेश सरकारबाट संचालन हुने क्रियाकलापहरुलाई पारदर्शी, जवाफदेही र नतिजामूखी बनाउँदै लगिने छ।

२१. दीगो विकास सहितको फराकिलो एवम् उच्च आर्थिक बृद्धि हासिल गर्न नीजि सहकारी क्षेत्रको विकासको लागि विशेष ध्यान दिइने छ। उत्पादनका साधनहरुको सामुहिकीकरण, स्थानीय

स्रोतको परिचालन, तुलनात्मक लाभका क्षेत्रको पहिचान एवम् प्रवर्द्धन गर्न तर्फ नीजि, सहकारी, गैरसरकारी क्षेत्रलाई समन्वयात्मक सहकार्यको सिद्धान्तको आधारमा परिचालन गर्दै लैजाने दिशातर्फ बजेट केन्द्रित रहने छ।

२२. स्थानीय सीप, स्रोत, साधन तथा पहिचानमा आधारित लघु, साना तथा घरेलु मझौला उद्योग र उत्पादनको बजार प्रवर्द्धन गर्दै अग्र तथा पृष्ठ सम्बन्ध (Forward and Backward Linkage) स्थापित गर्ने, स्वदेश तथा विदेशमा रोजगार गुमाएकाहरु लक्षित विशेष प्रोत्साहनका कार्यक्रम तथा विशेष क्षेत्र विकास कार्यक्रमहरुलाई प्राथमिकताका साथ गर्दै आत्मनिर्भर प्रदेश निर्माणको आधारशिला स्थापना गर्दै जाने तर्फ आगामी वर्षको बजेट केन्द्रित रहने छ।

२३. वन, जैविक विविधता तथा जलाधारको दीगो व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास कायम गर्दै वनजन्य उद्यान, पर्यापर्यटनको विकास एवम् वनजन्यवस्तु तथा सेवाको उत्पादन एवम् न्यायोचित वितरणमा विशेष जोड दिइने छ। पर्यटनका सबै सम्भावनाहरुको विकास गर्दै धार्मिक, साहसिक, मनोरन्जनात्मक, सामाजिक तथा पर्यटकीय क्षेत्रहरुको विकास प्रवर्द्धन र संरक्षणमा विशेष जोड दिइ महत्वपूर्ण पर्यटकीय गन्तब्यहरु निर्माण तर्फ आगामी वर्षको बजेट केन्द्रित हुने छ।

२४. उपलब्ध न्यून स्रोतलाई प्राथमिकीकरणका आधारमा प्रदेश आयोजना बैङ्कको स्थापना गर्दै अधिकतम प्रतिफलयुक्त आयोजना छनौटलाई विशेष ध्यान दिइने छ।विनियोजन कुशलता मार्फत सरकारले गर्ने खर्चलाई No Expenditure without Representation को सिद्धान्तलाई पूर्ण परिपालन गरिने छ।

२५. सुदूरपश्चिम क्षेत्रलाई लगानीको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्न विशेष प्राथमिकता दिइने छ। लगानी सम्बन्धी कानूनहरुको तर्जुमा गर्दै लगानी प्रवर्द्धनको महत्वपूर्ण आधारशील तयार गर्ने तर्फ बजेटले विशेष जोड दिनेछ। सुशासन र समष्टिगत स्थायित्व हासिल गर्न सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जाने तर्फ बजेटले विशेष ध्यान दिनेछ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०७८ मा समावेश हुने आयोजना तथा कार्यक्रमको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२६. कोरोना महामारीको रोकथाम, नियन्त्रण, उपचार एवम् भविष्यमा आउन सक्ने यस प्रकारका महामारी विरुद्ध प्रतिकार्य गर्न विद्यमान स्वास्थ्य प्रणालीमा व्यापक सुधार गरिनेछ। प्रदेश र स्थानीय तहको सहलगानीमा स्वास्थ्य पूर्वाधारको विकास, जनशक्तिको क्षमता अभिबृद्धि, स्वास्थ्य वीमाको विस्तार मार्फत स्वास्थ्य प्रणालीलाई उत्पदानशील बनाइने छ। गुणस्तरीय स्वास्थ्य सेवामा

प्रत्येक नागरिकको पहुँच स्थापित गर्न सबै प्रकारका स्वास्थ्य संस्थाहरुको सवलीकरण सुदृढिकरण गर्दै लगिने छ।

२७. स्थानीयस्तरमा उपलब्ध औषधिजन्य जडिबुटी, खनिज आदिको पहिचान संकलन, संरक्षण र प्रवर्द्धनको लागि आधारशीला तयार गर्दै लगिने छ। सबै उमेर, समूहका नागरिकको स्वास्थ्य आवश्यकतालाई संवोधन गर्ने, जीवनपथको अवधारणा अनुरुप स्वास्थ्य सेवा जेष्ठ नागरिक लैङ्गिक तथा फरक क्षमतामैत्री बनाइने छ। सबै प्रकारका रोग नियन्त्रणका लागि सामुदायिक स्वास्थ्य प्रणाली सहितका एकीकृत उपायहरु अवलम्बन गर्दै स्वास्थ्य सेवामा प्रदेश सरकारको सहकार्य र साझेदारीमा आधारित नेतृत्वदायी भूमिका स्थापित गरिने छ।

२८. स्वदेश तथा विदेशमा रोजगारी गुमाएका नागरिकहरुको उद्यमशीलता विकासको लागि मागमा आधारित परामर्श, पैरवी र प्राविधिक सहयोगमा विस्तार गर्दै युवालाई उद्यमशील, रोगजार, स्वरोजगार बनाउन आर्जित ज्ञान, सीप, प्रविधि, पूँजी र अनुभवलाई उत्पादनशील क्षेत्रमा लगाउन विशेष प्रोत्साहन गरिने छ। परम्परागत पेशा र व्यवसायको जगेर्ना, परिष्कृत, प्रवर्द्धन र व्यवसायिकिकरणबाट स्थानीय सहभागिता अभिवृद्धिलाई विशेष जोड दिइने छ।

२९. कृषि पूर्वाधारको विकास, बजार सूचना प्रणालीको विकास, स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्दै लगिने छ। प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउँदै लैजान तुलनात्मक लाभका क्षेत्रको पहिचान, संरक्षण, प्रवर्द्धन गर्दै सुदूरपश्चिम प्रदेशका सबै जिल्लामा कृषि तथा पशु क्षेत्र विकासका विशेष कार्यक्रमहरु संचालन गरिने छन्। विशेष पकेट क्षेत्रको विकास मार्फत कृषिजन्य, पशुजन्य कार्यक्रमहरुलाई व्यापकता दिदै आत्मनिर्भर अर्थतन्त्रको जग तयार गर्दै लगिने छ।

३०. शिक्षा, स्वास्थ्य मानव विकास लगायतका आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका बाजुरा, बझाङ्ग, दार्चुला र अछाम जिल्लाहरुमा प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ। सबै प्रकारका हिंसा शोषण र भेदभावको अन्त्य, सबै प्रकारका सामाजिक कुरितीहरुको अन्त्यको लागि कानूनी साक्षरता लगायत निरोधात्मक, संरक्षणात्मक उपायहरु अवलम्बन गर्ने कार्यक्रमहरुलाई जोड दिइने छ।

३१. प्रदेश सरकारका काम कारवाहीलाई प्रभावकारी, पारदर्शी एवम् प्रविधिमैत्री बनाउँन सांगठनिक कानूनी, प्रणालीगत र व्यवहारगत सुधार गर्दै प्रदेश सरकार प्रति नागरिकको विश्वास (Trust and Confidence) अभिवृद्धि तर्फ बजेटले विशेष जोड दिनेछ।

३२. विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल संवोधन गर्ने द्रुत संयन्त्र बनाइने छ। अनुगमन प्रणालीलाई वस्तुगत, वैज्ञानिक र मापनयोग्य बनाउन विद्यमान कानूनी तथा संरचनागत व्यवस्थाहरुको पुनरावलोकन गरिने छ। केही छानीएका आयोजनाहरुमा तेस्रो पक्ष समेतको

संलग्नतामा सहभागितामूलक अनुगमन प्रणालीको विकास गरिने छ। प्रदेश सरकारबाट जारी कानूनको प्रभाव अध्ययन गर्ने कार्यक्रमलाई विशेष जोड दिइने छ।

३३. रैथाने खाद्यवाली संरक्षण, प्रवर्द्धन एवं व्यावसायिकीकरण गर्दै प्रदेश पहिचानको रुपमा विकास गरिने छ। साथै पशुपंक्षीको संरक्षण प्रवर्द्धन प्रचार प्रसार गर्दै खाद्य तथा पोषण तर्फ एवम् खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणालीको विकास तथा संस्थागत गर्न तर्फ विशेष जोड दिइनेछ। उर्जा, साना सिँचाई, स्वच्छ खानेपानीलाई ग्रामिणस्तरसम्म विस्तार गर्दै लगिने छ। भू-उपयोग नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ।

३४. जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाई डुवान एवम् बाढिपहिरोजन्य विपद्को दिगो एवम् भरपर्दो व्यवस्थापनको लागि संरचनागत तथा गैर संरचनागत प्रविधिको उपयोगलाई जोड दिइने छ।

३५. वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सहकारीतामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकास जैविक विविधताको संरक्षण मार्फत जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन गर्ने लक्षित कार्यक्रमहरुलाई व्यापकता दिइनेछ।

३६. पर्यटनको सम्भावना बोकेका नयाँ क्षेत्रको पहिचान, विकास र प्रवर्द्धनमा आधारित शिक्षा स्वास्थ्य खेलकूद जस्ता क्षेत्र समेटेर एकीकृत प्रदेश पर्यटन गुरुयोजना निर्माण गरिने छ। सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप आधुनिक पर्यटन पूर्वाधारको विकास बजारीकरण र प्रवर्द्धनलाई जोड दिने कार्यक्रमलाई प्राथमिकता दिइने छ।

३७. वहुवर्षिय आयोजना, प्रदेश गौरवका आयोजना, क्रमागत आयोजनालाई उच्च प्राथमिकता दिइनेछ। प्रदेश आवधिक योजना, प्रदेश पञ्चवर्षिय योजना, प्रदेश गुरुयोजना, प्रदेश प्रोफाइल, प्रदेश जीवनस्तर सर्वेक्षण जस्ता कार्यहरु आगामी आर्थिक वर्ष मै सम्पन्न हुने गरी बजेटमा प्राथमिकता दिइने छ। प्रदेश आयोजना बैङ्कको अवधारणालाई पूर्ण रुपमा कार्यान्वयन गरिने छ।

३८. असहाय, अनाथ, फरक क्षमता, सुस्तमनास्तिथि, अशक्त तथा वेवारिसे वालवालिका तथा नागरिकलाई यस क्षेत्रमा कार्यरत संस्थाहरुसँगको सहकार्यमा आवश्यक संरक्षण गर्ने नीतिलाई जोड दिइने छ।

३९. खेलकूद पूर्वाधार विकास व्यवस्थापन खेलकूद क्षेत्रमा कार्यरत संघ संस्थाहरुको क्षमता विकास, प्रतिभावान् खेलाडीहरुको विकास तथा प्रोत्साहन केन्द्रित कार्यक्रमहरुलाई जोड दिइने छ।

४०. सञ्चार क्षेत्रको विकासको लागि यसै वर्ष सञ्चार नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ। सञ्चार क्षेत्रको क्षमता विकासमा जोड दिइने छ। सञ्चार क्षेत्रको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिने छ।

४१. भूमि वैङ्कको अवधारणालाई कार्यान्वयनमा ल्याई उपयोग विहिन जमिनको उत्पादनशील उपयोग गरिने छ। जमिनको चक्लावन्दीलाई प्रोत्साहन गरी सहकारी, कृषक समूह, संस्था मार्फत सामूहिक खेती प्रणालीलाई जोड दिइने छ।

४२. नीजि क्षेत्रको नवप्रवर्तन सक्षमता, स्रोत साधन एवम् उत्पादनशीलताको पूर्ण उपयोग गर्दै आर्थिक क्षमता बढाउने थप रोजगारी सृजना गर्ने प्रदेश सरकार र नीजि क्षेत्रको आदर्शात्मक साझेदारी कायम गर्न बजेट केन्द्रित रहने छ।

४३. सार्वजनिक स्रोत र साधनको अधिकतम सदुपयोग हुने गरी बजेट अनुशासन कायम गर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून बमोजिम बजेट व्यवस्थापन र जिम्मेवार पदाधिकारीलाई नतिजा प्रति प्रत्यक्ष उत्तरदायी बनाउने एवं प्रत्येक आयोजनाको नतिजा सूचकाङ्कको आधारमा उपलब्धि सुनिश्चित हुने गरी बजेट तर्जुमा गरिने छ।

४४. वैकल्पिक उर्जा र लघु जलविद्युत कार्यक्रम मार्फत ग्रामिण विद्युतिकरण गर्ने नीति लिइने छ।

४५. सवै स्थानीय तहमा बैङ्क तथा वित्तीय सेवा विस्तार गर्दै लगिने छ। नागरिकको वित्तीय पहुँचको विस्तारमा जोड दिइने छ।

४६. समग्रमा आगामी बजेट मुलतः कोभिड-१९ को कारणबाट परेको वहुपक्षिय असरको निराकरण, पूर्वाधार सहितको गुणस्तरीय स्वास्थ्य सेवाको विकास, निजी क्षेत्रको लागि प्रोत्साहन सहित आर्थिक पुनरुत्थान कार्यक्रम, रोजगारी सृजना, ठूला प्रदेश पूर्वाधारका आयोजना कृषिको आधुनिकीकरण युवा लक्षित कार्यक्रम, सामाजिक सुरक्षा र संरक्षण, सार्वजनिक सेवाको सहज उपलब्धता, प्रविधिमैत्री सेवा प्रवाह, सुशासन प्रवर्द्धन, तुलनात्मक लाभका क्षेत्रको पहिचान, महत्वपूर्ण खाद्य, फलफूल आदिमा प्रदेश आत्मनिर्भरताबाट विकास, समृद्धि र सुशासन हासिल गर्ने तर्फ केन्द्रित हुने छ।

**माननीय सभामुख महोदय,**

४७. प्रदेशवासीको आवश्यकता र स्रोतको उपलब्धता समेतको आधारमा माथिका सिद्धान्त र प्राथमिकताको परिधिभित्र रही आगामी आर्थिक वर्षको बजेट तयार गरिने कुरामा माननीय सदस्यज्यूहरुलाई विश्वस्त तुल्याउन चाहन्छु। माननीय सदस्यज्यूहरुबाट आर्थिक वर्ष २०७८/७९ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकताको प्रस्ताव माथि बृहत छलफल गरी रचनात्मक सुझाव दिनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु। ती सुझावहरु र निकट भविष्यमा जारी हुने प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम तर्जुमाको सन्दर्भमा महत्वपूर्ण मार्गदर्शनको रुपमा रहने व्यहोरा गरिमामय सभा समक्ष अनुरोध गर्दछु। साथै

यस विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा आफ्नो अमुल्य राय सुझाव प्रदान गरी सहयोग गर्ने प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

**माननीय सभामुख महोदय,**

माननीय सभामुखज्यूबाट आर्थिक वर्ष २०७८/७९ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता सम्मानित सभा समक्ष प्रस्तुत गर्नको लागि विशेष समय दिनु भएकोमा गरिएकोमा माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

माननीय सदस्यज्यूहरुले यस सम्बन्धमा घनिभूत छलफल गरी आगामी आर्थिक वर्षको बजेट निर्माणमा रचनात्मक सुझाव दिनु हुनेछ भन्नेमा म विश्वस्त छु। माननीय सदस्यज्यूहरुबाट प्राप्त हुने सुझावहरुलाई आर्थिक वर्ष २०७८/७९ को बजेट निर्माण गर्दा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

**जय सुदूरपश्चिम प्रदेश धन्यवाद**

माननीय सदस्यहरु,
आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहद्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको छलफल आजै मिति २०७८ साल जेष्ठ २४ गते सोमबार दिनको ३:०० बजे देखी शुरु हुने भएकोले उक्त समयसम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।